घरपझोङ गाउँपालिकाद्वारा प्रकाशित

# घरपझोङ राजपत्र

खण्ड : ३) जोमसोम, असार २४ गते, २०७९ साल (संख्या : ७)

## भाग २

घरपझोङ गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालयको सूचना

नेपालको संविधानको धारा २२६ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ बमोजिम घरपझोङ गाउँ कार्यपालिकाले यो कार्यविधि बनाएको छ

**घरपझोङ गाउँपालिकाको व्यवसाय कर सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०७९**

घरपझोङ गाउँपालिकाको व्यवसाय कर सम्बन्धी कार्यविधि, २०७७ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यो कार्यविधिको नाम " व्यवसाय कर सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०७९" रहेको छ।

(२) यो कार्यविधि गाउँपालिका क्षेत्रभर लागू हुनेछ र यस कार्यविधि बमोजिम कर बझाउनु पर्ने दायित्व भएको व्यक्ति जहाँसुकै रहे बसेको भए पनि निजको हकमा समेत लागू हुनेछ।

(३) यो कार्यविधि गाउँ कार्यपालिकाबाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशन भए पश्चात लागु हुनेछ।

२. कार्यविधिको दफा ३ को उपदफा (३) को सट्टा देहायको राखिएको छ।

व्यवसाय दर्ता गर्ने प्रयोजनका लागि कार्यालयले जुनसुकै समयमा व्यवसाय दर्ता गराउनका लागि अनुसूची १ बमोजिमको ढाँचामा सूचना प्रकाशन गर्नेछ ।

३. कार्यविधिको अनुसूची १ मा ३५(पैतिस) दिनभित्र भन्ने उल्लेख भएको वाक्यांशको सट्टामा जुनसुकै समयमा भन्ने वाक्यांश राखिएको छ।

४. कार्यविधि अनुसूची ४ मा व्यवसाय दर्ता प्रमाणपत्र भन्ने उल्लेख भएको सट्टामा व्यवसाय दर्ता/अभिलेखीकरण प्रमाणपत्र भन्ने शब्दावली राखिएको छ ।

आज्ञाले

नामः गौरी प्रसाद आचार्य

प्रमुख प्रशासकीय अधिकृत

मितिः २०७९/०३/२४